# लिलाम बिक्री सम्बन्धी सिलबन्दी बोलपत्रको सूचना

(प्रथम पटक सूचना प्रकाशित मितिः२०८२/०३/१६

सिलबन्दी बोलपत्र लिलाम सूचना नं. १ लिलाम ०१/०८१/८२

यस मन्त्रालयमा रहेका लिलाम बिक्री गर्नुपर्ने सम्पत्ति तथा जिन्सी मालसामानहरु जे जस्तो अवस्थामा छन् सोहि अवस्थामा गोप्य सिलबन्दी बोलपत्रको माध्यमबाट लिलाम बिक्री गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा कम्पनीले देहायको शर्तहरुको अधिनमा सिलबन्दी बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल** :

1. इच्छुक ब्यक्ति, फर्म संस्था वा कम्पनीले लिलाम बिक्री गरिने जिन्सी सामान हेर्न चाहेमा विहान ११:०० बजेदेखि दिउसो १:०० बजे सम्म मन्त्रालयमा हेर्न सकिनेछ र अन्य विषयहरुको जानकारी हासिल गर्ने वा बोलपत्र कागजात खरिद गर्न कार्यालय समय भित्र सकिनेछ ।
2. इच्छुक बोलपत्र दाताले मिति २०८२/०३/२२ गते दिनको १२:०० बजे सम्म दर्ता गरिसक्नु पर्नेछ ।
3. सिलबन्दी बोलपत्र पेश गर्दा फर्म,संस्था वा कम्पनीको हकमा फर्म दर्ता नवीकरण प्रमाणपत्र, सञ्चालकको नागरिकता प्रमाणपत्र, PAN/VAT दर्ताको प्रमाणपत्र तथा आ.व. २०८०/०८१ को कर चुक्ता प्रमाणपत्र पेश गर्नु पर्नेछ भने ब्यक्तिको हकमा नागरिकताको प्रमाणपत्र र प्यान नम्बर पेश गर्नु पर्नेछ ।
4. लिलाम बिक्री गरिने जिन्सी मालसामानको बोलपत्र फाराम वापत रु १,०००।०० को बैक भौचर ( फिर्ता नहुने) श्री राष्ट्रिय वाणिज्य बैक सिंहदरबार स्थित यस मन्त्रालयको राजश्व खाता नं. १०००१००२०००१०००० को राजश्व शीर्षक नं.१४२२९ मा जम्मा गरेको सक्कलै बैक भौचर संलग्न राखि निवेदन पेश गर्नु पर्नेछ।
5. मन्त्रालयमा दर्ता भएको बोलपत्र मिति २०८२/०३/२२ गते दिनको २:०० बजे बोलपत्रदाताहरुको रोहबरमा खोलिनेछ । तर बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि खोल्न बाधा पर्ने छैन ।
6. बोलपत्रदाताले बोलपत्र साथ जमानत वापत आफुले कबोल गरेको दररेट अनुसारले हुन आउने कुल रकमको ५ पाँच प्रतिशत रकम कोष तथा लेखा नियन्त्रक कार्यालयको नाममा श्री राष्ट्रिय वाणिज्य बैक सिंहदरबार शाखामा रहेको धरौटी खाता नं. १९६०१००१०२०३०००० मा जम्मा गरी सो को सक्कले बैंक भौचर वा यस मन्त्रालयको नाममा जारी भएको कम्तिमा ४५ दिन भएको बैंक जमानत (विड बण्ड) पेश गर्नु पर्नेछ ।
7. बोलपत्रदाताले बोलपत्र फाराम भर्दा प्याकेज बमोजिम भर्नु पर्नेछ । **बोपत्र फाराममा रहेका २ वटा प्याकेजहरुमध्ये २ वटै वा कुनै १ वटा प्याकेज मात्र पनि भर्न सकिन्छ** । बोलपत्र स्वीकृत गर्दा प्याकेजगत रुपमा नै सबैभन्दा अधिकतम मूल्याङ्कित एवं सारभूत रुपमा प्रभावग्राही बोलपत्रलाई स्वीकृत गरिनेछ ।
8. सिलबन्दी बोलपत्र स्वीकार गर्ने, अस्वीकार गर्ने, आंशिक स्वीकार गर्ने, रद्द गर्ने जस्ता बोलपत्र सम्बन्धी सम्पूर्ण निर्णय गर्ने अधिकार मन्त्रालयमा निहित हुनेछ ।
9. सिलबन्दी बोलपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने अन्तिम दिनमा सार्वजनिक बिदा परेको खण्डमा त्यसको लगत्तै मन्त्रालय खुलेको दिन बोलपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने दिन मानिनेछ ।

नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

सिंहदरबार, काठमाडौं

लिलाम बिक्री गर्ने सामानहरुको विवरण

सिलबन्दी बोलपत्रदाताले निम्न अनुसार निवेदन यसै ढाँचामा भर्नुहुन